# समकालीन भारतीय नेपाली कवितामा पौराणिक मिथकको प्रयोग

- **गोपाल विष्ट**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार** - मिथकमा प्रायः देवी-देवता तथा अतिप्राकृत पात्र साथै मानव जीवनको अनुभूतिदेखि धेरै टाढा कुनै कालका असाधारण घटनासँग सम्बन्धित आख्यान हुन्छ। यसमा प्रतीकका माध्यमद्वारा वर्तमान स्थितिलाई सहज सम्प्रेषित गरिएको हुन्छ। समकालीन भारतीय नेपाली कवितामा मिथकको प्रयोग एउटा महत्त्वपूर्ण पक्ष हो। यसमा विभिन्न प्रकारका मिथकहरूको प्रयोग भएका छन् यसमा पनि पौराणिक भारतीय मिथकको प्रयोग निकै भएको पाइन्छ। संस्कृतिको बद्लिँदो वातावरणमा पौराणिक मिथकको भूमिका वर्तमानमा बढ्दै गएको छ। पौराणिक भारतीय मिथकको प्रयोग समकालीन भारतीय नेपाली कवितामा मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, सञ्जय बान्तवा, सुधीर छेत्री, ज्ञानेन्द्र यक्सो, वासुदेव पुलामी, रेमिका थापा, उदय थुलुङ आदिका कविताहरूमा पाइन्छ। उनीहरूका कवितामा पौराणिक मिथकको राम्रो सचेतता साथै प्रयोग पाइन्छ। साहित्यिक दृष्टिकोणबाट हेर्दा मिथकले कवितालाई बिम्बात्मक शक्ति दिन्छ। कविले कुनै पौराणिक पात्र वा घटनालाई सन्दर्भका रूपमा लिन्छन् तब कविताले एउटा विशाल सांस्कृतिक पृष्ठभूमि प्राप्त गर्छ जसले पाठकको चेतनालाई तत्कालै स्पर्श गर्छ।
**बीज शब्द -** समकालीन, मिथक, पौराणिक मिथक, मिथकीकरण, समकालीन कवि, समकालीन कविता।

## १ विषय प्रवेश

समकालीन शब्दको अर्थ एकै समयको वा एकै समयमा भएको उही बखतको घटना, कुरा, विषय आदि हो। (पोखरेल, वि सं २०६७, पृ-१२३१) समकालीन शब्दमा 'सम' भनेको समान, बराबर, सादृश्य हो भने 'काल' भनेको समय हो र समकालमा 'ईन' प्रत्यय जोडिएर बनिएको यस शब्दले एकै समयमा भएको घटनालाई बुझाउँछ। समकालीनका निम्ति अङ्ग्रेजीमा 'कन्टेम्पोररी' शब्द प्रयोग गरिन्छ। समकालीन, आधुनिक, वर्तमान जस्ता समानार्थी शब्दका रूपमा प्रयोग गरिएको पाइन्छ तापनि समकालीन यी अन्य शब्दहरू भन्दा भिन्नै शब्द हो। समकालीन वास्तवमा अस्थिर एवम् परिवर्तनशील प्रवृत्ति र धारणा हो।

प्रत्येक काल र समयको आ-आफ्नै समकालीनता हुन्छ। त्यसै कारण आजको समकालीनता भोलि रहँदैन र भोलिको बेग्लै वा भिन्नै समकालीनता बन्न सक्छ। यसै कारण आजको समकालीनतालाई गतिशील, प्रवाहशील र अस्थिर प्रवृत्ति वा अवधारणाका रूपमा लिइन्छ। यसै सन्दर्भमा वर्तमान समयको, वर्तमानमा पनि आजको, वर्तमानको आज अन्तर्गत पनि अहिलेको विषय व्यक्ति वा वस्तु (शर्मा, इ सं १९९७, पृ-५) भन्ने मोहनराज शर्माको धारणा उपयुक्त रहेको पाइन्छ। समकालीन भन्ने एउटा विवादास्पद विषय वा पद हो, तापनि लगभग आफू उभिएको समयदेखि २५-३० वर्षको अवधिलाई समकालीन भनेर विभिन्न विद्वान्हरूले स्वीकार गरेका छन्। आधुनिकतालाई निश्चित कालखण्डमा वा समय बिन्दुभित्र राखेर निर्धारण गर्न सकिन्छ तर समकालीनतालाई यसरी निश्चित समय बिन्दुमा राखेर छुट्याउनु नसकिने हुन्छ किनकि समकालीन सधैँ परिवर्तनशील हुन्छ। त्यसैले समकालीनता वर्तमान समयसितै विकास हुँदै गरेको समाजिक अवधारणा हो। यसरी समकालीनताले समकालीन व्यक्तिका जीवनको अभिव्यक्ति दिएको हुन्छ।

## २ मिथकको परिचय

“मिथक शब्द ग्रिसेली भाषाको मिथोस् शब्दबाट लिइएको हो। जसको अर्थ आप्तवचन हो, विश्वास योग्य वचन वा ऋषिमुनिको वचन जुन श्रुति परम्परामा रहेको हो भन्ने पाइन्छ” (नगेन्द्र, इ सं १९८७, पृ-६)। मिथक अङ्ग्रेजीको मिथको पर्यायका रूपमा नेपालीमा प्रयोग गरिएको शब्द हो। “मिथकको अर्थ सत्य र असत्य जुनसुकै भए तापनि भनिएको कुनै कुरा भन्ने हुन्छ” (सुवेदी र गौतम, इ सं २०११, पृ-१७७)। मिथक ब्रह्माण्डको उत्पत्ति, ईश्वर, जीवन, मृत्यु, पुनर्जन्म, अतिप्रकृति तथा अतिमानवीय अनि वीरता आदिसँग सम्बन्धित विषयवस्तु भएको वंशानुगत कथा हो। मिथक विशेष गरेर धार्मिक उत्पत्तिसँग सम्बन्धित हुन्छन् र यिनीहरूलाई खास प्रकारका सांस्कृतिक समूहले विश्वास गर्छन्। यस अर्थमा मिथकलाई सामान्यतः सत्य असत्य अतार्किक तथा भ्रमपूर्ण कथा हो भन्ने गरिन्छ (सुवेदी र गौतम, इ सं २०११, पृ-१७६)। मिथकले वर्तमानमा प्रचलित तथ्यपूर्ण सत्यको मानदण्ड प्रस्तुत नगरे तापनि यिनीहरूमध्ये कतिपय सत्य पनि हुन्छन्। विद्वान्हरूले यसलाई सामूहिक मानव जातिको कथा साथै अचेतन मनको सृष्टि भनेका छन्। मिथकमा अतिमानवीय घटनाको प्राधान्य हुन्छ र यस्ता घटना निश्चित ठाउँमा भएको हुन्छ। समग्रमा मिथक भनेको मानव जीवनको उत्पत्ति सम्बन्धी कथाहरूको समूह हो जसमा वैज्ञानिकताभन्दा विश्वासको भूमिका धेरै हुन्छ।

पौराणिकको शाब्दिक अर्थ “पुराणमा भएको पुराण सम्बन्धी अनि दोस्रो अर्थ पुरानो समयको प्राचीन कालको” भन्ने रहेको पाइन्छ (पोखरेल, इ सं २०१६, पृ-८०९)। भारतीय पौराणिक मिथक भनेर यहाँ भारतीय प्राचीन कालका मिथकहरूलाई ग्रहण गरिएको छ। यस अन्तर्गत आदि महाकाव्य, उपनिषद्, वेद, बौद्ध तथा जैन ग्रन्थ, ब्राह्मण ग्रन्थ, पुराण आदि पर्दछन्। यस अध्ययनमा भारतीय मिथक भनेर माथि उल्लेख गरिएका ग्रन्थहरूमा प्रयोग गरिएका मिथकीय चरित्रहरूलाई ग्रहण गरिएको छ।

## ३ समकालीन भारतीय नेपाली कवितामा पौराणिक मिथकको प्रयोग

समकालीन भारतीय नेपाली कविताको चर्चा विद्वान्हरूले इ सं १९६० को दशकमा आयामेली आन्दोलनका रूपमा देखापरेको नवीन प्रवृत्तिगत साहित्यिक लेखनपछिको अवधिलाई मानेका छन्। आयमेली लेखन स्वयम्मा नौलो र महत्त्वपूर्ण घटनाका रूपमा नेपाली साहित्यको इतिहासमा देखा परेको थियो। यसले साहित्यलाई गम्भीरतापूर्वक अध्ययन मनन गर्ने पाठक साथै सृजनामा पनि गम्भीरता हुनु पर्ने आवश्यकतातर्फ दिशा निर्देशित गऱ्यो। यसै क्रममा नेपाली कविताले तत्कालीन वर्तमान समस्यालाई विषयवस्तुका रूपमा सहजै सम्प्रेषण हुन सक्ने शैलीमा कविताको रचनालाई पनि महत्त्व दिन थाल्यो। यसको साथै भारतीय नेपाली कवितामा विविध प्रवृत्तिहरूको प्रयोग साथ साथै अगाडि बढेको पाइन्छ।

नेपाली कवितामा मिथकको प्रयोग प्राथमिक कालीन कविहरूदेखि नै भएको पाइन्छ। ‘पृथ्वीनारायण’ शीर्षक कवितामा सुवानन्द दासले भीमसेन कृष्णऔँतारी आदि मिथकको प्रयोग गरेका छन्। विकास हुँदै आएको नेपाली कवितामा विभिन्न कविहरूले मिथकको प्रयोग गरेका छन्। आधुनिक भारतीय नेपाली कवितामा मिथकको प्रयोग तुलसी बहादुर क्षेत्री, ओकिउयामा ग्वाइन, गुमानसिंह चामलिङ, जीवन थिङ आदिका कवितामा साठीको दशकभन्दा पहिलादेखि नै गरेका थिए। यसै क्रममा समकालीन भारतीय नेपाली कवितामा मिथकको प्रयोग मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, सञ्जय बान्तवा, केवलचन्द्र लामा, सुधीर छेत्री, किरण कुमार राई, सन्तोष आले, रेमिका थापा, उदय थुलुङ, ज्ञानेन्द्र यक्सो, वासुदेव पुलामी आदिका कवितामा पाइन्छन्। समकालीन भारतीय नेपाली कवितामा यी कविहरूले विभिन्न प्रकारका भारतीय, पश्चिमेली, ग्रिसेली, अङ्ग्रेजी आदि मिथकको प्रयोग गरेका छन्। यीमध्ये समकालीन भारतीय नेपाली कविहरूले विभिन्न पौराणिक मिथकको प्रयोग गरेका छन्। यसको अध्ययन क्रमैले निम्न प्रकारले गर्न सकिन्छ।

श्री कृष्णले 'गोवर्धन पर्वत' हातले उठाएर ब्रजनिवासीको सुरक्षा गरेको भारतीय पौराणिक मिथकको प्रयोग समकालीन भारतीय नेपाली कवितामा थुप्रै कविहरूले आफ्ना कविता प्रयोग गरेका देखिन्छ। यसमध्ये राजेन्द्र भण्डारी र सुधीर छेत्रीका कविताको उदाहरणका रूपमा चर्चा गरिएको छ।

कता राख्नु यो अतीतको गोवर्धन पर्वत?
ठाउँ-ठहर खोज्दै
पुर्खाको हाडखोडै हाडखोड टेक्दै
म यहाँसम्म आइपुगेको छु।
बन्दुकमा मोहरी मलाई हेर्दैछन्।
निथ्रुक्क भिजेको छु म
शङ्काको झरीमा।
म जुन छहारीमा ओत लाग्छु
त्यहीँ ओइरिन्छन् प्रश्नका वाणहरू। (भण्डारी, इ सं २०१९, पृ-४१)

कवि राजेन्द्र भण्डारीले 'विकल्पहीन यात्रा' कवितामा आफ्नो देशमा नै आफ्नो कुनै निश्चित छहारी हुन नसकेको प्रसङ्गको सङ्केत यहाँ गोवर्धन पर्वत मिथकका माध्यमद्वारा व्यक्त गरेका छन्। यसरी ठाउँ ठहर खोजिरहेको विश्व मानव समाजको सार्वभौम समस्याको उठान मिथकका माध्यमबाट गरेका छन्। प्रस्तुत कवितामा मिथकको उपयुक्त प्रयोगले कविताको भाव सम्प्रेषणमा राम्ररी सहयोग पुऱ्याएको छ।

एकतमासले पानी परिरहेछ
पौष्टिकता टुमटुममा पनि हरियै उम्रेका
बामपुड्के चरी अमिलोहरूका टाउका माथि माथि,
धूपीका जुँगा मोल्दै
बिस्कुटको सानो गोवर्धन उठाएर
नाताकुटुम्बासित बासतिर लागेका कमिलाका ताँतीमाथि।
रुखले पाछिएको कापबाट चुहिरहेको पिप पखाल्छ। (छेत्री, इ सं २०१४, पृ-४६)

सुधीर छेत्रीको 'वर्षा-सङ्गीत' शीर्षक कवितामा प्रकृतिको चित्रण र वर्तमानको प्रदुषित वातावरणको चित्रण गर्ने क्रममा मिथकको प्रयोग गरिएको छ। उनका कविता भाषिक शिल्पाकरिताले गर्दा चित्रकारले चित्र कोरेझैँ दृश्य आँखामा ल्याउन सफल छन्। यसरी कमिलाले उठाएको बिस्कुटको प्रसङ्गलाई गोवर्धन पर्वत उठाएको पौराणिक सन्दर्भमा जोडेका छन्। यहाँ  पनि सोझो अर्थदेखि पर लक्ष्य वा व्यङ्ग्य अर्थमा समकालीन राजनैतिक यन्त्रणाको सङ्केत गरिएको  छ।

महाभारतको प्रसिद्ध पात्र अर्जुन पुत्र 'अभिमन्यु'लाई कौरव पक्षले युद्धमा पारेको 'चक्रव्यूह'लाई मिथकका रूपमा प्रयोग समकालीन भारतीय नेपाली कवितामा आ-आफ्नै प्रकारले प्रयोग पाइन्छ। मनप्रसाद सुब्बा, उदय थुलुङ र सुधीर छेत्री आदिका कविताहरूको उदाहरण प्रस्तुत गरिएको छ।

चक्रव्यूहबाट निस्कन नजान्दै पनि
अभिमन्युहरू तर चक्रव्यूहभित्र
पस्न डराएको कहाँ छ र!

बाढको बलत्कारले बगर बसेको खेतमा
फेरि खेत बिराउन अथक हातहरू
यहाँ नआएको नै कहाँ छ र!

(सुब्बा, इ सं १९९५, पृ-९१)

मनप्रसाद सुब्बाको ‘आदिम बस्ती’ शीर्षक कवितामा भारतीय पौराणिक मिथक ‘अभिमन्यु’को प्रयोग भएको छ। मनप्रसाद सुब्बाले अभिमन्युको चक्रव्यूह सरह वर्तमान समयमा विभिन्न प्रकारका जालझेलहरू भइरहेको अवस्थालाई प्रस्तुत गरेका छन्। अभिमन्यु वीर भएर पनि परिस्थितिको कुचक्रले गर्दा निर्ममतापूर्वक मर्नु परेको परिस्थितिलाई वर्तमान समयको सापेक्षतामा मिथकीकरण पाइन्छ।

शिर उठाएर हेर्दा मुक्तिको आभास छैन
समयको यो बेढङ्गको आकृतिभित्र
प्रत्येक मान्छे अभिमन्यु जस्तो अब मऱ्यो मऱ्यो
कुन संवेदनाशीलता समय यस्तो
गाउँभित्र छऱ्यो
अब सो छिऱ्यो छिऱ्यो।

(थुलुङ, इ सं २००१, पृ-३४)

उदय थुलुङद्वारा लिखित ‘सङ्क्रमण’ शीर्षक कवितामा पौराणिक मिथक अभिमन्युको प्रयोग गरिएको छ। कविले वर्तमान समयमा भएको विभिन्न प्रकारका सङ्क्रमणहरूमा परिरहेको मान्छेका अस्थालाई देखाएका छन्। समयका चक्रमा परेर वर्तमान बद्लिरहेको मानव समाज र संवेदना हराउँदै गएको मानव समाजको अवस्थालाई अभिमन्युका माध्यमद्वारा देखाएका छन्। महाभारतको युद्धमा युवा योद्धा अभिमन्यु शत्रुहरूको ‘चक्रव्यूह’ भित्र एक्लै थुनिएका थिए जहाँबाट उम्कने कुनै उपाय थिएन र अन्ततः चौतर्फी प्रहारबाट उनको दुःखद मृत्यु भयो। कविले यही पौराणिक सन्दर्भलाई आधुनिक युगको विसंगतिसँग जोडेका छन्। अभिमन्युका रूपमा आधुनिक मानव: चक्रव्यूहमा परेर छटपटाएका अभिमन्यु जस्तै आजको प्रत्येक साधारण मानिसहरू नियतिको चक्रव्यूहमा फसेका छन्।

सत्य युगमा समुद्र मन्थनबाट निस्किएको विष भगवान शिवले कण्ठमा धारण गरेर सम्पूर्ण सृष्टिको सुरक्षा गरेका उनैलाई ‘नीलकण्ठ’ भनिन्छ। नीलकण्ठ मिथकको प्रयोग समकालीन भारतीय नेपाली कवितामा रेमिका थापा, सुधीर छेत्री आदि कविहरूले गरेका छन्। जस्तै-

बिख फुलेर
अमृतको पराग बोक्ने
गाउँ
धीर हुन सक्छ
स्थिर हुन सक्छ
नीलकण्ठ हुन सक्छ।

(रेमिका थापा, इ सं २००७, पृ-४८)

रेमिका थापाको ‘नीलकण्ठ गाउँ’ शीर्षक कवितामा नीलकण्ठ मिथकको प्रयोग गरिएको छ। ‘नीलकण्ठ गाउँ’ कवितामा कविले गाउँको अवस्थालाई नीलकण्ठ मिथकसँग तुलना गरेकी छन्। गाउँमा हुने विभिन्न विषरूपी समस्या र पीडाहरू कसरी खपेका हुन्छन् त्यसको राम्ररी मिथकीकरण गरिएको पाइन्छ।

ढुक्कै बाँझो डल्ला फोर्दैछे रत्नमाया ठकुरी
घामले उसको निधारबाट स्वतन्त्र भई भागेका
पसिनाका थोपाहरू हेर्न चाहन्छ सायद
घामले उसको उच्छवासमा समुन्द्र मन्थन गरेर
नयाँ गणतन्त्रको अमृत निकाल्न चाहन्छ सायद

(क्षेत्री, इ सं २००८, पृ-१८)

त्यसरी नै सुधीर छेत्रीले 'बारी खन्दै छे रत्नमाया ठकुरी' शीर्षक कवितामा 'समुद्र मन्थन' मिथकको प्रयोग गरेका छन्। भारत स्वाधीन भएको दिनमा पनि रत्नमायाले गरेको कामलाई चित्रात्मक भाषामा मिथकको प्रसङ्गलाई जोडेको पाइन्छ। समुन्द्र मन्थन गर्दा हजारौँ हजार वर्षसम्म गरेको मन्थन कार्य झैँ वर्षौँदेखिको हाम्रो जातीय सङ्घर्षको इतिहासलाई कविले मिथकीकरण गरेर देखाउन सफल भएका छन्। भीष्म महाभारतमा वर्णित गङ्गा पुत्र हुन्। आफू कहिल्यै विवाह नगर्ने अनि राज्य ग्रहण पनि नगर्ने साथै जीवनभरि राज्यको सुरक्षा गर्ने 'भीष्म प्रतिज्ञा' गर्छन्। यही प्रतिज्ञाले कौरव पक्षबाट महाभारतको युद्धमा भाग लिनु परेको थियो। समकालीन भारतीय नेपाली कवितामा भारतीय पौराणिक मिथक भीष्म प्रतिज्ञाको प्रयोग सञ्जय बान्तावा, सुधीर छेत्रीका कवितामा पाइन्छन्। जस्तै-

जरासन्धले बन्दी बनाएको
सहस्रौँ कैदी राजाहरूका माझमा हुन्छ कवि,
एक्लो परेर मर्नु युद्ध लडिरहेको
अभिमन्युसँग हुन्छ कवि।
अनि बाँधिएको हुन्छ
किलामा, आफ्नो इच्छाको
मरण बोकेर आफ्नै भीष्ममय आकांक्षामा।

(बान्तवा, इ सं २००२, पृ-७५)

'तिम्रो बाटो हेरिरहनेछु' शीर्षक कवितामा कवि सञ्जय बान्तावाले कविलाई सम्बोधन गरेर कविको कला अन्याय र अत्यचारको विरुद्धमा आवाज हुनु पर्छ। जरासन्धजस्ता शक्तिका भरमा अन्याय गर्ने र अत्याचारमा परेका निमुखा कैदी राजाहरूका पक्षमा कविले आवाज हुनु पर्ने भावलाई मिथकीकरण गरेका छन्। यसरी नै अभिमन्युझैँ सत्यको पक्षमा एक्लै लाचारको पक्षमा कवि हुन्छन्। यस्ता उच्च आकांक्षा भए तापनि कवि किलामा बाँधिएको अथवा स्वतन्त्र हुन नसकेको भावलाई भीष्मका माध्यमद्वारा मिथकीकरण गरेर स्पष्ट गरिएको पाइन्छ।

पानीका हजारौँ वाणहरू
भुइँको छातीमा रोपिए।
धराशयी बनेका छन्
सिस्नु र त्यसको आत्मरक्षा,
बाँसको झ्याङ र त्यसको भीष्म प्रतिज्ञा।
टाउकोको रिबिन हल्लाउँदै ग्वाँ-ग्वाँ रोयो
ठुलो रुखको छातीमा ट्याप्पै टाँसेर
दुध चुसिरहेको
नागबेली।

(क्षेत्री, इ सं २०१४, पृ-३२)

'पैह्रो' शीर्षक कवितामा कवि सुधीर छेत्रीले पैह्रोको विनाश देखाएका छन्। कविले विनाशको चित्रण गर्ने क्रममा पौराणिक मिथक भीष्म प्रतिज्ञाको प्रयोग गरेका छन्। पानीका हजारौँ वाणहरू छातीमा रोपिएर धराशायी भएको भीष्मको अन्तिम क्षणलाई मिथकीकरण गरेर प्रस्तुत गरिएको छ। प्रकृतिको विनाशद्वारा पृथ्वीमा हुनसक्ने खतरालाई सङ्केत प्रस्तुत गर्न कवि सफल भएका छन्।

विरनी र दक्षकी पुत्री अनि भगवान् महादेवकी पत्नी 'सतीदेवी' पौराणिक पात्र हुन्। उनले आफ्नै माता पिताले गरेको अपमान सहन नसकेर आत्महत्या गरेकी छन्। सतीको मृत देहलाई काँधमा लिएर महादेव अर्धविक्षिप्त अवस्थामा भौँतारिएका थिए। त्यही सतीदेवी नामक पौराणिक भारतीय मिथकको प्रयोग समकालीन भारतीय नेपाली कवितामा विभिन्न कविहरूले गरेका छन्। जसमा राजेन्द्र भण्डारी र मनप्रसाद सुब्बाका कविताहरूको उदाहरण लिन सकिन्छ। जस्तै-

आस्थाकी क्षयिष्णु सतीदेवी
उचालेर काँधमा
विद्रुप, विवश, विलापमग्न
भौँतारिँदो छ महादेव
हिमाल हिमाल।
अलकत्राको समुद्र
चक्रवर्ती बन्दै फैलिरहेछ
हजार दिशा
हजार छाल,
हजार उत्ताल।

(भण्डारी, इ सं १९९८, पृ-४४)

समकालीन भारतीय नेपाली कवितामा पौराणिक भारतीय मिथक सतीदेवीको प्रयोग 'अलकत्राको समुद्र' शीर्षक कवितामा गरेका छन्। वर्तमान समयको विसङ्गतिलाई सतीदेवी मिथकको प्रयोग गरेर चित्रात्मक रूपमा व्यङ्ग गरेका छन्।

हामी कागजका टुक्राहरू
केही मेटिन्छ कि भनेर
केही लेखिन्छ कि भनेर
तर हुरी उडेर कहाँ पुगिसक्छ
कागजका टुक्राहरू चाहिँ जतातते छरपष्ट
अवयवहरू चुँडिएका खबरहरुको
अर्थात् अपुर्ण वाक्यहरूको सतिदेवी बोकेर
रुँदै हिँडेका महादेवहरू यत्रतत्र
तर उफ् ! यो रुनु पनि
आफुलाई धुनु कहिले भएन।

(सुब्बा, इ सं १९९५, पृ-१५-१६)

मनप्रसाद सुब्बाले 'समातिएर भूलका हातहरूले' कवितामा भारतीय पौराणिक मिथक सतीदेवीको प्रयोग गरेका छन्। वर्तमान समयका विभिन्न विसङ्गतिहरूको माझमा बाँच्नु परेको अवस्थालाई मिथकका माध्यमद्वारा व्यक्त गरेका छन्। कविले विभिन्न प्रकारका पीडा र समस्याबाट माथि उठ्न नसकेको अवस्थालाई मिथकको माध्यमद्वारा प्रस्तुत गरेका छन्।

समकालीन भारतीय नेपाली कवितामा आफ्ना विचारलाई प्रभावकारी रूपमा व्यक्त गर्न गङ्गा, मेनका, परशुराम, प्रह्लाद, कशिपु, नरसिंह, यशोधा, बुद्ध, मृगमरिचिका, एकलव्य, धृतराष्ट्र, सिद्धार्थ, हनुमान, गणेश, अर्जुन, जयद्रथ, दुर्योधन, उर्वशी, द्रौपदी, जरासन्ध, कृष्ण, राम, द्रोणाचार्य, गोवर्धन, लाक्षागृह, गान्धारी, पञ्चवटी, सुरसा, कौरव, पाण्डव, महिषासुर, यमराज, वैतरणी, पुरूरवा, विश्वामित्र, रावण आदि पौराणिक भारतीय मिथकहरूको पनि प्रयोग गरिएको पाइन्छ। यी सम्पूर्ण भारतीय पौराणिक मिथकको प्रयोगको अध्ययन गर्न सकिने फाँट बृहत् रहेको छ। कवितामा पौराणिक मिथकको प्रयोग केवल प्राचीन कथाहरूको पुनरावृत्ति होइन तर यो त एउटा जीवन्त कलात्मकता हो। मिथकले कवितालाई एउटा यस्तो आधार प्रदान गर्छ जहाँ कविले थोरै शब्दमा इतिहास, दर्शन र समसामयिक यथार्थलाई एकैसाथ उनेर प्रस्तुत गर्न सक्छ। यसले कवितालाई सतही भावुकताबाट माथि उठाएर बौद्धिक गहिराइ र दार्शनिक गरिमा प्रदान गर्छ।

समकालीन कवितामा मिथकको प्रयोग परम्पराको आधुनिकताका रूपमा देखा पर्छ। यसले आजका जटिल मानवीय समस्या, राजनीतिक विसङ्गति र सामाजिक द्वन्द्वलाई बुझाउन एउटा व्यङ्ग्यात्मक र प्रतीकात्मक ऐनाको काम गर्छ। पौराणिक मिथकका प्रयोगले कवितालाई सार्वकालिक र सार्वभौमिक बनाउँछ। यसले समयको अन्तराललाई मेटाइदिन्छ र हजारौँ वर्ष पुराना मानवीय अनुभूतिहरूलाई आजका परिवेशमा पनि उतिकै सान्दर्भिक तुल्याउँछ। भाषाको सौन्दर्य, भावको संक्षिप्तता र अर्थको बहुआयामिकता नै यसको कलात्मक विशिष्टता हो। त्यसैले मिथकयुक्त कविता केवल शब्दको संरचना मात्र नभई एउटा गम्भीर सांस्कृतिक र वैचारिक दस्तावेज बन्न पुग्छ जसले पाठकलाई युगौँसम्म चिन्तनशील बनाइरहन्छ।

## ४ निष्कर्ष

समकालीन भारतीय नेपाली कविताले युग चेतना, मानवतावादी चेतना, विसङ्गतिवादी, जातीय र समकालीन स्थानीय राजनैतिक यन्त्रणा साथै वैश्विक चिन्तनलाई पनि समेटेको छ। यसमा कविहरूले आफ्ना भावलाई मिथकीकरण गरी प्रस्तुत गर्न सफल भएका छन्। कविहरूले वर्तमान समयमा विभिन्न प्रकारका जालझेलहरू भइरहेको अवस्था, वर्तमानमा बद्लिरहेको मानव समाज र संवेदना हराउँदै गएको मानव समाजको अवस्था, वर्तमान समयको विसङ्गतिपूर्ण अवस्था, जातीय सङ्घर्षको इतिहास र समकालीन राजनैतिक यन्त्रणा आदिलाई मिथकीकरण गरेर सफलतापूर्वक प्रस्तुत गरेका छन्। विभिन्न पाश्चात्य स्रोतका मिथकको प्रयोगका होडमा पनि भारतीय पौराणिक मिथकको प्रयोग हुनु नै समकालीन भारतीय नेपाली कविताको एउटा प्राप्ति पनि हो।

### सन्दर्भ

१ गौतम कृष्ण, इ सं २००१, **आधुनिक आलोचना: अनेक रूप अनेक पठन**, दोस्रो संस्करण, काठमाडौँ, साझा प्रकाशन

२ गौतम लक्ष्मणप्रसाद, इ सं २००५, **समाकालीन नेपाली कविताको बिम्वपरक विश्लेषण**, दोस्रो संस्करण, काठमाडौँ, साझा प्रकाशन

३ क्षेत्री सुधीर, इ सं २००८, **शिल्पका पखेटाहरू,** कालेबुङ, विचलन प्रकाशन

४ क्षेत्री सुधीर, इ सं २०१४, **फेरि अर्को अनुष्टुप,** कालेबुङ, उपमा प्रकाशन

५ थापा रेमिका, इ सं २००७, **गाँउमा कविताहरू**, दार्जीलिङ, विश्व प्रकाशन

६ थुलुङ उदय, इ सं २००१, **प्रत्यागमन**, दार्जीलिङ, विश्वदीप महल

७ नगेन्द्र, इ सं १९८७, **मिथक और साहित्य**, दोस्रो संस्करण, नयाँ दिल्ली, नेशनल पब्लिसिंग हाउस

८ नेपाल घनश्याम, इ सं २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगडी, एकता बुक हाउस प्रा लि

९ पुलामी वासुदेव, इ सं २०१२, **उज्यालोका आँखा**, कालेबुङ, उपमा प्रकाशन,

१० बान्तवा सञ्जय, इ सं २००२, **शब्ददाह**, गान्तोक सिक्किम, जनपक्ष प्रकाशन

११ भण्डारी राजेन्द्र, इ सं १९९८, **क्षर/अक्षर**, गान्तोक सिक्किम, जनपक्ष प्रकाशन

१२ भण्डारी राजेन्द्र, इ सं २०१०, **शब्दहरूको पुनर्वास**, गान्तोक, श्री भीम ढुङ्गेल सिक्किम सरकार

१३ भण्डारी राजेन्द्र, इ सं २०१९, **इतिहासको बाडुली**, कालेबुङ, उपमा प्रकाशन

१४ सुब्बा मनप्रसाद, इ सं १९९५, **आदिम बस्ती**, दार्जीलिङ, साहित्य प्रकाशन

१५ सुब्बा मनप्रसाद, इ सं २०१३, **भुइँफुट्टा शब्दहरू**, काठमाडौँ, साङ्ग्रिला पुस्तक प्रा.लि.

१६ सुवेदी राजेन्द्र र गौतम लक्ष्मणप्रसाद, इ सं २०११, **रत्न बृहत् नेपाली समालोचना**, सैद्धान्तिक खण्ड, काठमाडौँ, रत्न पुस्तक भण्डार

१७ विध्यावाचस्पती उषा पुरी, इ सं २००४, **भारतीय मिथक कोश**, चौथो संस्करण, नयाँ दिल्ली, नेसनल पब्लिसिङ हाउस